# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १५ गते ०८ साल

## भाग ५

## शिक्षामन्त्रालयको विज्ञप्ति

प्रजातान्त्रिक व्यवस्थामा सारा जनतालाई शिक्षाको आवश्यक छ। यसकारण कुनै वर्गभेद नराखी सबलाई शिक्षा दिने नीति सरकारले लिएको छ। यही नीतिअनुसार हाम्रा अछूत कहलाइएका भाइहरूले पनि नेपाल राजभरका शिक्षालयहरूमा अरू जातहरूसरह शिक्षा पाउने बन्दोबस्त भएको छ। यसकारण हाम्रा हरिजन भाइहरूले कुन कुन शिक्षालयमा पढ्न चाहनुहुन्छ, सोलाई ती शिक्षालयहरूका प्रधान अध्यापकहरूकहाँ आवेदनपत्र दिनुहोला। यस्ता आवेदनपत्रहरू आए पछि जाँची लायक ठहरिएको कक्षामा भर्ना गरी पढाउने बन्दोबस्त हुनेछ।

साथै हरिजन विद्यार्थीहरूलाई आवश्यक हेरी स्कूलमा खाजा ख्वाउने मुनासिबमाफिकको किताप खर्च र थोर बहुत लुगाखर्च दिने प्रबन्ध मिलाउने कोशिस पनि भइरहेको छ।

आधार - साहित्य-समिति

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 85